# संघीय संसद

# प्रतिनिधि सभा

# विकास तथा प्रविधि समिति

# मेलम्ची खानेपानी आयोजनाको स्थलगत अध्ययन अवलोकन

# भ्रमण प्रतिवेदन, २०७६

**(मिति २०७६ कात्तिक १९ र २० गते)**

## पृष्ठभूमि :

काठमाडौँ उपत्यकाको शहरीकरण दिनानुदिन तीब्र गतिमा बढीरहेको सन्दर्भमा उपत्यकाबासीले लामो समयदेखि भोग्दै आएको खानेपानी समस्या दीर्घकालिन रुपमा समाधान गर्ने उद्देश्यले मेलम्ची खानेपानी आयोजना सुरु भएको हो । २०४७ साल तिर परिकल्पना गरिएको यो आयोजना  समस्याग्रस्त आयोजनाको रुपमा अघि बढिरहेको छ । विभिन्न समयमा आयोजना सम्पन्न हुने मिति सार्वजनिक हुँदै आए तापनि आयोजनाले सोचें अनुरुपको सफलता हासिल गर्न सकिरहेको छैन । एसियाकै ठूलो आयोजनाको रुपमा निर्माणाधीन यो आयोजना सुरु भए पश्चात् दुईवटा निर्माण व्यवसायिबाट निर्माणकार्य सम्पन्न हुन नसकी हालैमात्र चिनीया निर्माण व्यवसायी कम्पनी सिनो हाइड्रोले आयोजना सम्पन्न गर्ने लक्ष सहित कार्य अगाडि बढाईरहेको छ ।

सोही सन्दर्भमा आयोजनाको यथार्थ जानकारी लिने उद्देश्यले २०७५ मंसिर १६ गते बसेको समितिको बैठकले मेलम्ची खानेपानी आयोजनाको स्थलगत अध्ययन अवलोकन गर्ने निर्णय गरेको थियो तर २०७५ मंसिर २९ गते CMC di Ravenna, Italy ले अचानक आयोजनाको निर्माणकार्य छोडेपछि बँकी कार्यहरु कुन प्रक्रियाबाट अगाडि बढाउने भन्ने सम्बन्धमा अन्योलको स्थिति सृजना भयो । सो सम्बन्धमा समितिले २०७५ पुस १२, २०७५ माघ १४ र २०७६ जेठ १ गते खानेपानी मन्त्रालयसँग बैठक बसी तत्काल कुनै निष्कर्षमा पुगी आयोजनाको कार्य अघि बढाउन निर्देश गरेको  थियो । त्यस पछि २०७६ जेठ ६ गतेको मन्त्रिपरिषद्को बैठकबाट बाँकी कार्यहरु अगाडि बढाउने निर्णय भए पश्चात् चिनीया कम्पनी सिनो हाइड्रोले आयोजनाको काम सुरु गरेपछि समितिका माननीय सदस्यहरुको संसदीय टोलीले २०७६ कात्तिक १९ र २० गते आयोजनाको स्थलगत अध्ययन अवलोकन भ्रमण गरेको थियो ।

## अवलोकन भ्रमण टोलीको गठन र परिचय :

अवलोकन भ्रमणमा सहभागी समितिका माननीय सदस्य एवं कर्मचारीहरु :

१. मा० कल्याणी कुमारी खड्का - सभापति - संयोजक
२. मा० इन्दु कुमारी शर्मा - सदस्य
३. मा० यज्ञराज सुनुवार - सदस्य
४. मा० विनाकुमारी श्रेष्ठ - सदस्य
५. शाखा अधिकृत श्री दिपाकुमारी दुलाल
६. का.स. श्री यमुना वाग्ले

यसका साथै यस भ्रमण टोलीमा संघीय सांसद तथा पूर्व मन्त्री माननीय शेर वहादुर तामाङ, प्रदेश सांसद निमा लामा, आयोजनाका कार्यकारी निर्देशक, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, सरोकारवाला कर्मचारी एवं पत्रकारहरु समेतको सहभागिता रहेको थियो ।

## मेलम्ची खानेपानी आयोजनाको परिचय :

काठमाडौं उपयकामा विद्यमान खानेपानी अभावको दीगो एवं दीर्घकालिन रुपमा समाधन गर्ने र काठमाडौं उपत्यकाका बासिन्दाको स्वास्थ्य स्थिति तथा जीवनस्तर सुधारमा योगदान गर्ने उद्देश्यका साथ निर्माणाधिन रहेको मेलम्ची खानेपानी आयोजना काठमाडौं उपत्यकादेखि ४२ कि.मि. को दूरीमा उत्तर-पूर्वी दिशामा रहेको छ। २०५५ सालमा आयोजना कार्यान्वयनका लागि मेलम्ची खानेपानी विकास समिति गठन भएको र पछि २०५७ सालमा मेलम्ची खानेपानी आयोजना सुरु गरिएको हो । आयोजनाको पहिलो चरणमा सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गा.वि.स. अन्तर्गत मेलम्ची खोलाको रिवर्मामा मुहान (हेडवर्कस) निर्माण गरी रिवर्मा देखि सुन्दरीजलसम्म २६.५ कि.मि. लामो सुरुङका माध्यमबाट दैनिक १७ करोड लिटर पानी काठमाडौं उपत्यका भित्र्याउने र आयोजनाको दोस्रो चरणमा याङ्ग्री र लार्के खोलाबाट दैनिक १७/१७ करोड लिटरका दरले थप पानी काठमाडौं ल्याउने लक्ष्य रहेको छ ।

## स्थलगत अवलोकनको उद्देश्य :

मेलम्ची खानेपानी आयोजनाको वर्तमान अवस्था, आयोजनाका समस्या र चुनौतीहरु र आयोजना सम्पन्न हुनमा अपेक्षाकृत रुपमा ढिलाइ भइरहेको सन्दर्भमा निर्धारित समयमा सम्पन्न गर्नका लागि आवश्यक निर्देशन र सुझावहरु सहित समितिमा प्रतिवेदन पेश गर्ने ।

## मेलम्ची खानेपानी आयोजनाको हालसम्मको कार्य प्रगति :-

सर्वप्रथम २०६५ साल फागुन ८ गते (१९ फेब्रुअरी २००९) सुरुङ निर्माणको लागि चाइनिज निर्माण व्यवसायीसँग ठेक्का संझौता गरी कार्य सम्पन्न गर्नुपर्ने म्याद २०७० साल असोज ३० गतेसम्म तोकिएको थियो । चाइनिज निर्माण व्यवसायीले करिब ६.५ कि.मि. सुरुङ खन्ने तथा सपोर्ट लगाउने कार्य सम्पन्न गऱ्यो तर बाँकि रहेको १ वर्षको अवधि भित्रमा निर्माण कार्य सम्पन्न हुन नसक्ने देखिएकोले निर्माण व्यवसायीसँग २०६९ साल असोज ९ गते (२५ सेप्टेम्बर २०१२) मा ठेक्का संझौता रद्द गरिएको थियो । सो समयमा ठेक्का सम्झौताको करिब १५ प्रतिशत मात्र भौतिक प्रगति हासिल भएको थियो ।

त्यसपछि हेडवर्कस् तथा सुरुङ निर्माणका लागि नयाँ खरिद प्रक्रिया तत्काल शुरु गरी अन्तराष्ट्रिय बोलपत्रका माध्यमबाट छनौट गरिएको CMC di Ravenna, Italy सँग बाँकी रहेको कामहरु सम्पन्न गर्न २०७० साल असार ३१ गते (१५ जुलाई २०१३) मा ठेक्का संझौता गरिएको थियो । संझौता अनुसार कार्य सम्पन्न गर्नुपर्ने म्याद २०७३ साल असोज १४ गते (सेप्टेम्बर २०१६) रहेकोमा निर्माण व्यवसायी CMC बाट समेत कबोल गरेको तालिका अनुसार कार्य सम्पादन हुन सकेको थिएन । सो समयमा भूकम्प तथा नाकाबन्दी जस्ता घटनाबाट निर्माण कार्य प्रभावित भएता पनि देहायको कार्य सम्पन्न भएको थियो :-

- हेडवर्कस क्षेत्रमा करिब १ लाख घ.मि. ओपनकट, रक सपोर्ट तथा स्लोप स्टेबिलाइजेसन गर्ने कार्य सम्पन्न भएको ।
- मेलम्ची तथा रिबर्मा नदी नियन्त्रणका लागि ग्याबियन तथा कंक्रिटको काम भएको ।
- ६० मिटर पाइप डाइभर्सन (१६०० मि.मि. व्यासको डक्टाइल आइरन पाइप) निर्माण भएको ।
- हेडवर्कस् डाइभर्सन टनेलको इन्लेट आउटलेट तथा वासआउट गेटहरु जडान भएको ।
- इन्टेक पार्ट ३ समेत निर्माण भएको ।
- सन् २०१८ को अप्रिल ११ सम्ममा ठेक्का संझौता अनुसारको २१.१५ कि.मि. सुरुङ खन्ने तथा प्रारम्भिक सपोर्ट लगाउने काम सम्पन्न भएको ।
- सबै साइटबाट सुरुङको फाइनल फिनिसिङ्गको काम शुरु गरिएको र डिसेम्बर सम्ममा सुरुङको फाइनल सपोर्ट लगाउने काम २५.३ कि.मि. सम्पन्न भएको ।
- भेन्टिलेसन साफ्ट ड्रिल गर्ने काम भएको ।

उल्लेखित अधिकांश कार्य सम्पन्न भएतापनि निर्माण व्यवसायी CMC, इटालीमा Insolvency प्रक्रियामा गएको र आयोजनालाई जानकारी नगराई अचानक आयोजना छोडि हिडेको कारण निर्माण कार्य अबरुद्ध भएको र सोही कारणबाट ठेक्का संझौता रद्द गरिएको थियो ।

**मेलम्ची खानेपानी आयोजनाको हालको कार्ययोजना :**

CMC di Ravenna, Italy ले निर्माणकार्य छोडेपछि मेलम्चीको बाँकी काम सम्पन्न गर्ने सम्बन्धमा ९ प्याकेजको कार्यान्वयन गर्न पेश गरेको प्रस्ताव अनुसार २० मे, २०१९ (२०७६ जेठ ६) गते नेपाल सरकार मन्त्री परिषद्को निर्णय भएपछि मात्र निकास खुलेको थियो । बाँकी रहेका सम्पूर्ण कार्यहरु मध्ये हेडवर्क एवं सुरुङ निर्माणका मुख्य कार्यहरु सम्पन्न गर्न परामर्शदाताबाट तयार गरिएका डकुमेन्टहरुको स्वीकृति र ADB को सहमती पश्चात सुरुङ र हेडवर्कस्को छुट्टाछुट्टै मुख्य २ प्याकेजको बोलपत्रको सूचना ३१ मे मा प्रकाशन गरिएको थियो । मुख्य २ प्याकेजको निर्माण कार्यको लागि चाइनिज निर्माण व्यवसायी छनौट भई २०७६ असोज १२ गते (२९ सेप्टेम्बर २०१९) मा सुरुङ निर्माणको ठेक्का संझौता गरी निर्माण कार्य शुरु भएको छ । त्यसैगरी २०७६ असोज २४ गते (११ अक्टोबर २०१९) मा हेडवर्कस् निर्माणको ठेक्का संझौता भई सोको समेत निर्माण कार्य शुरु भएको छ । निर्माण व्यवसायी सिनो हाइड्रोबाट उल्लेखनीय ढंगले निर्माण कार्य भइरहेको र ठेक्का संझौता अनुसार सुरुङ निर्माणको कार्य १२ महिनाभित्रमा र हेडवर्कस् निर्माण कार्य १५ महिनाभित्रमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । साथै सुरुङ निर्माणसँग सम्बन्धित कार्यहरु शीघ्र सम्पन्न गरी आगामी असार सम्ममा बैकल्पिक पाइप लाइनबाट पानी पथानान्तरण तथा सुरुङको परीक्षण समेत गरिने कार्य योजना रहेको छ । अन्य ८ प्याकेजहरु सुरुङ तथा हेडवर्कस् निर्माण सँग सम्बन्धित पाइप, फिटिङ्ग, उपकरण, गेट आपूर्ति तथा जडानको कार्य रहेकोले सो प्याकेजहरुको समेत खरिद प्रक्रिया सम्पन्न हुने क्रममा रहेको छ ।

**समितिको स्थलगत अवलोकन :**

समितिका माननीय सदस्यहरुको संसदीय टोलीले २०७६ कात्तिक १९ र २० गते मेलम्ची खानेपानी आयोजनाको स्थलगत अवलोकन गर्ने क्रममा सर्वप्रथम १९ गते दिउसो १:०० बजे मेलम्ची खानेपानी आयोजनाको क्याम्पमा आयोजनाको हालसम्मको कार्य प्रगतिको अवस्थाका बारेमा संक्षिप्त अन्तरक्रिया कार्यक्रम गरेको थियो । सो क्रममा आयोजनाका प्रमुख कार्यकारी निर्देशकले हालैमात्र आयोजनाको कार्यभार सम्हालेको चिनीया कम्पनी सिनो हाइड्रोले अर्ली डाइभर्सन र ओभरअल कम्प्लीट गरी दुई भागमा विभाजन गरेर काम अगाडि बडाइ रहेको र त्यसभित्र अन्य ९ वटा स-साना प्याकेज छुट्याएर पहिलो

प्याकेजभित्र हेडवर्क्स अन्तर्गतको बाँध निर्माण, पुल निर्माण लगायतका कार्य सम्पन्न गर्ने र दोस्रो प्याकेजमा सुरुङभित्रको फिनिसिङ र अन्य बाँकी कार्यहरु  पाइप फिटिङ, गेट सप्लाई जडान, लगायतका कार्य सम्पन्न गर्ने साथै CMC ले छोडेर गएपछि उत्पन्न भएका भेन्डर र लोकल सप्लायर्सको समस्या एवं पानीको बहाव, पानीमा भएको धमिलो मात्रा हेर्न जडान गर्नु पर्ने अटोमेशन सिस्टम आदिको कन्ट्रयाक्ट हुन बाँकी लगायतका विषयमा समितिलाई जानकारी गराइएको थियो ।

त्यसपछि समितिको टोलीले अम्बाथान सुरुङ हेडवर्कसको अवलोकन एवं निरीक्षण गऱ्यो । अम्बाथानबाट करिव ९ कि.मि. सुरुङ मार्गहुँदै ग्याल्थुम निस्किने क्रममा सुरुङभित्र भइरहेको कार्यको समेत अवलोकन गरेको थियो ।  सोही क्रममा ग्याल्थुममा CMC ले छाडेर गएका निर्माण सामाग्रिहरु भण्डारण गरेर राखेको र कतिपय काम नलाग्ने अवस्थामा समेत रहेको पाइयो । मिति २०७६ कात्तिक २० गते ९:३० बजे समितिले मेलम्ची खानेपानी आयोजनाको क्याम्पमा गरेको अन्तरक्रिया कार्यक्रममा पूर्व मन्त्री एवं संघीय सांसद शेर बहादुर तामाङ, मेलम्ची न.पा. प्रमुख, आयोजनाका कार्यकारी निर्देशक, मेलम्ची खानेपानी विकास समिति वोर्ड सदस्य, हेलम्बु गा.पा. अध्यक्ष लगायतको उपस्थिति रहेको थियो । सो अन्तरक्रिया कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरुले सिन्धुपाल्चोकका जनताहरु मेलम्चीको पानी काठमाडौं पठाउन आतुर रहेको तर स्थानीयको माग सम्बोधन नगरी यहाँको पानी काठमाडौं जान नसक्ने भनी आ-आफ्ना माग सहित विविध समस्याहरुका बारेमा समितिलाई जानकारी गराइएको थियो । त्यहाँबाट समितिको टोलीले सिन्धु सुरुङ मार्गको अवलोकन गरी सुन्दरीजल पानी प्रशोधन केन्द्रको निरीक्षण पश्चात् काठमाडौं फर्किएको थियो ।

## मेलम्ची खानेपानी आयोजनाका समस्या तथा चुनौतीहरु :-

साबिकको निर्माण व्यवसायी CMC सँग सम्बन्धित श्रमिक, आपूर्तिकर्ता तथा सब कन्ट्रयाक्टरबाट भुक्तानी नपाएको कारण आयोजनाको कार्यमा स्थानीयले अवरोध सिर्जना गरेकाले श्रमिहरुको पारिश्रमिक भुक्तानी गरिसकिएको र आपूर्तिकर्ता तथा सव कन्ट्रयाक्टरको दाबी गरेको रकमका सम्बन्धमा प्राविधिक समिति गठन गरी छानबिन गर्न र सिफारिस गर्ने काम भइरहेता पनि देहायबमोजिमका समस्याहरु रहेका छन् :

- स्थानीय स्तरबाट उठेका माग अनुसार मेलम्ची पुल बजार-तिम्बु-हेलम्बु सडक तत्काल स्तरोन्नती गर्नु पर्ने ।

- आयोजनाको दोस्रो चरणको निर्माणकार्य सुरु गर्न स्थानीय स्तरबाट माग भए बमोजिम फट्टे-वरुवा-याङ्ग्री सडक, धाप-कोटगाउँ-मानेखर्क-याङ्ग्री सडक तथा पुलहरु निर्माणका लागि सुनिश्चितता हुनु पर्ने ।
- निर्माण व्यवसायीबाट दक्ष जनशक्ति तथा स्रोत साधन नियमित आपूर्तीको व्यवस्थापनमा कमि देखिएको ।
- सुपरिवेक्षण तथा अनुगमनमा अपेक्षाकृत कमि रहेको ।
- पूर्व निर्माण व्यवसायीबाट भण्डारण गरिएको केही निर्माण सामाग्रीहरु प्रयोग भइरहेको हुँदा आवश्यक निर्माण सामाग्रीको व्यवस्थापन गरिनु पर्ने ।
- आयोजना प्रभावित क्षेत्रका जनताहरु आयोजनाका पक्षमा रहँदा रहदै पनि आयोजनाबाट अनावश्यक फाइदा लिन स्थानीय समुदायबीच यदाकदा अनावश्यक द्वन्द्व सिर्जना हुने गरेको ।
- आयोजनाका तर्फबाट प्रभावित स्थानीय जनतालाई दिएका कतिपय आश्वासनहरु पूरा नभएको गुनासो बढेको पाइएको ।

## निर्देशन र सुझावहरु :-

- आयोजना सम्पन्न भई आगामी केही महिनाभित्र पानी पथानान्तरण हुने अवस्था रहेता पनि आयोजनाबाट प्रभावित क्षेत्रलाई उपलब्ध गराउने भनिएको Benefit Sharing को विषय हालसम्म टुंगो नलागेको हुँदा अम्वाथान हेडवर्कसको मुहानबाट पानी पथानान्तरण गर्न स्थानीयबाट बाधा पुग्ने देखिएकोले सोको यथाशिघ्र सम्बोधन हुनु पर्ने ।
- निर्माण व्यवसायीले आफ्नो जिम्मेवारी अन्तरगतका सम्पूर्ण कार्यहरु पूरा गर्न आवश्यक पर्ने दक्ष जनशक्ति, प्रविधि, आर्थिक श्रोतको व्यवस्थापनमा कमि हुन नदिई तोकिएको समयमा निर्माण सम्पन्न गर्ने उद्देश्यका साथ निर्माणकार्य अगाडि बढाउनु पर्ने ।
- आयोजना निर्माण कार्यको सिलसिलामा आईपर्ने विभिन्न समस्या एवम् विषयहरुमा स्वीकृतिका लागि अन्तरनिकायगत समन्वय हुनु पर्ने ।
- निर्माण व्यवसायीबाट निर्माण प्रविधि, निर्माण सामग्रीहरु, मेशिनरी औजार र उपकरणहरुको नियमित मर्मत सम्भार गरी नियमित रुपमा निर्माणकार्य अगाडि बढाउनु पर्ने ।

- समयसीमाभित्रै कार्य सम्पन्न गर्नको लागि प्रक्रिया छोट्याउन विभिन्न विषयमा स्वीकृतिका लागि Fast Track Procedure अवलम्वन गरिनु पर्ने ।
- आयोजनालाई छिटो सम्पन्न गर्न केन्द्रदेखि स्थानीय स्तरसम्म राजनीतिक प्रतिवद्धता व्यक्त गरी निरन्तर काम हुनु पर्ने ।
- यथासम्भव स्थानीय जनशक्तिलाई प्राथमिकता दिनु पर्ने ।
- आयोजनाको सम्पूर्ण बस्तुस्थितिका सम्बन्धमा आयोजनाले सम्बन्धित संसदीय समितिमा प्रत्येक महिना आयोजनाको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने र आयोजनाको वेवसाइटमा नियमित रुपमा कार्यप्रगति अद्यावधिक गर्ने व्यवस्था हुनु पर्ने ।
- आयोजनामा संलग्न भईरहेका कर्मचारी एवम् अन्य जनशक्तिहरुको व्यवसायिक क्षमतामा सुधार गर्नु पर्ने ।
- आयोजना प्रभावित क्षेत्रको दीर्घकालिन विकासका लागि सुनिश्चितता गरिनु पर्ने ।
- मेलम्ची खानेपानी आयोजनाको प्रथम चरणको कार्य सम्पन्न भएसंगै दोश्रो चरणमा याङ्री र लार्केको पानी ल्याउने काममा अहिल्यैदेखि पूर्वाधार कार्य तदारुकतासाथ अगाडि बढाउनु पर्ने ।

**निष्कर्ष :-**

मेलम्ची खानेपानी आयोजना राष्ट्रिय गौरवको आयोजना मात्र नभई धेरै लामो समयदेखि काठमाडौं उपत्यकामा खानेपानीको अभावलाई पूर्ती गर्ने एउटामात्र निर्विकल्प आयोजना हो । यसलाई समयमै सम्पन्न गरी काठमाडौं उपत्यकामा खानेपानी उपलब्ध गराउनु राज्यको प्रमुख दायित्वभित्र पर्दछ । तर आयोजना शुरु भएको यत्तिका वर्ष बितिसक्दा पनि आयोजनाले प्रभावकारी रुपमा गति लिन नसक्दा अन्योलको स्थिति सृजना भइरहेको छ । समितिले स्थलगत अवलोकनका क्रममा हालै मात्र निर्माण सम्पन्न गर्ने लक्षका साथ आयोजना निर्माणको जिम्मा लिएको चिनीयाँ सिनो हाइड्रो कम्पनीका प्राविधिकहरुसँग आयोजनाका बारेमा कुराकानी गर्दा उसले आफ्नो देशको शाख बचाउन पनि समयमा नै आयोजना सम्पन्न गर्ने सुनिश्चितता व्यक्त गरेको थियो । उसले हाल गरिरहेको कार्यमा कुनै पनि किसिमको अवरोध नआए समय सीमाभन्दा छिटो निर्माण कार्य सम्पन्न गर्ने लक्षका साथ आफू निर्माण कार्यमा जुटीरहेको समेत समितिलाई जानकारी गराएको थियो । सिमितिले स्थलग अवलोकनका क्रममा नै स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुसँग गरेको अन्तरक्रिया कार्यक्रममा आयोजनाको साथै

स्थानीय जनताका जायज माग सम्बोधन गर्नेतर्फ पनि अहिले देखिनै सजगताका साथ कार्य अगाडि बढाउनु पर्ने उत्तिकै आवश्यकता देखिएको छ । हालैमात्र निर्माण सम्पन्न गर्ने लक्ष सहित आयोजनाको कार्यभार सम्हालेको चिनीयाँ कम्पनी सिनो हाइड्रोले बाँकी काम समयमा नै सम्पन्न गर्ने आवश्यक व्यवस्था मिलाई मेलम्ची आयोजनाबाट प्रभावितहरुका जायजमाग समयमा नै सम्बोधन गरी मेलम्चीको पानी काठमाडौँमा ल्याउनु अहिलेको मुख्य आवश्यकता हो भने राज्यको प्रमुख दायित्व पनि हो ।

स्थलगत अवलोकनका क्रममा लिइएका केही तस्विरहरु :

मेलम्ची आयोजनाको क्याम्पमा आयोजनाका पदाधिकारीहरुसँग अन्तरक्रिया कार्यक्रम



निर्माणाधिन अम्बाथान हेडवक्सको स्थलगत अवलोकन



ग्यालथुममा CMC ले भण्डारण गरेको निर्माण सामाग्री अवलोकन गर्दै




ग्यालथुममा चिनीयाँ निर्माण व्यवसायीहरुले निर्माणकार्यको बारेमा जानकारी गराउँदै



सिन्धु टनेलको अवलोकन तथा जानकारी लिदै




सिन्धु टनेल नजिक चिनीयाँ निर्माण व्यवसायीहरुसँग

